# डिएसपीमाथि छानबिन

## बस्नेत पक्राउको विरोध, स्कुल बसमै आक्रमण



युवासंघका कार्यकर्ताले बिहीबार स्कुलबसमा आक्रमण गर्दा गम्भीर घाइते विद्यार्थी दस वर्षीय अर्पण पोखरेल विराटनगरको न्युरो अस्पतालमा उपचार गराउँदै। कन्चटको देब्रेपट्टिको हड्डी फुटेकाले उनको शल्यक्रिया गर्नुपर्ने चिकित्सकले बताएका छन्। युवासंघको दबाबमा विद्यालय बन्द भएपछि विद्यार्थी पुऱ्याउन जाँदै गरेको सगरमाथा स्कुलको गाडीमाथि प्रदर्शनकारीले विराटनगर धरानरोडस्थित शिवमन्दिरअगाडि ढुंगामुढा गरेका थिए। तस्बिर : चुमन बस्नेत/नागरिक

**अजित तिवारी**

*विराटनगर, असार २*

ज्यान मुद्दाका फरार अभियुक्त पर्शुराम बस्नेतसँग शंकास्पद रूपमा नियमित टेलिफोन सम्पर्कमा रहेका मोरङका डिएसपी सहकुलबहादुर थापामाथि छानबीन गर्न प्रहरीले अञ्चल एसएसपी मिङ्मार लामाको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरेको छ। उनलाई क्षेत्रीय प्रहरी कार्यालयमा तानिएको छ। अदालतमा बन्दी अभिषेक गिरी र पत्रकार खिलानाथ ढकालमाथि सांघातिक हमलाका क्रममा दुबै आक्रमणका योजनाकारसँग अत्यधिक टेलिफोन सम्पर्कमा रहेको टेलिफोन कल विवरणबाट पत्ता लागेको नागरिकले बिहीबार प्रकाशित गरेको थियो।



डिएसपी थापा

'उनीमाथि संगीन आरोप लागेकाले छानबीन गर्न र छानबीनका क्रममा उनको सक्रियता रोक्न' क्षेत्रीय कार्यालयमा सारिएको पूर्व क्षेत्र प्रहरी कार्यालयका डिआइजी विनोद सिंहले जानकारी दिए।

डीएसपी थापाले अभियुक्त बस्नेतलाई 'सूचना चुहाएको' र लगातार फोन सम्पर्कमा रहेर प्रहरीका 'सबै योजना सुनाएको' पाइएको एक प्रहरी अधिकारीले बताए। ती अधिकारीका अनुसार फरार अभियुक्तसँग साँठगाँठ गरेका डीएसपीलाई लगभग निलम्बनकै अवस्थामा राखिएको छ।

थापा र पर्शुरामको सम्बन्धबारे बुझ्न गठित समितिलाई ५ दिनभित्र प्रतिवेदन बुझाउन भनिएको छ। समितिमा मोरङ प्रहरीका नवनियुक्त एसपी प्रधुम्न कार्की र अञ्चल प्रहरी कार्यालयका डीएसपी लोकेन्द्र श्रेष्ठ छन्। 'समितिले बिहीबारैबाट काम थालेको छ,' सिंहले भने।

बाँकी पृष्ठ २

### 'डिएसपीको कारबाही फिर्ता हुनुपर्छ'

प्रहरी नियन्त्रणबाट मुक्त हुन अस्वीकार गर्दै युवासंघ, नेपालका अध्यक्ष महेश बस्नेतले फरार अभियुक्त पर्शुराम बस्नेतसँग नियमित सम्पर्कमा रहेको पाइएपछि छानबीनमा परेका डिएसपी सहकुल थापामाथिको कारवाही फिर्ता हुनुपर्ने अडान लिएका छन्। त्यसैगरी पर्शुराममाथि लगाइएको मुद्दासमेत फिर्ता लिनुपर्ने बताउँदै उनले हिमालय टिभीसँग फोनमा भने, **'अबको आन्दोलन नागरिक दैनिक, प्रधानसम्पादक नारायण वाग्ले र पत्रकार महासंघ, मोरङका अध्यक्ष विक्रम निरौलाविरुद्धको हो।'**

गृहमन्त्री कृष्णबहादुर महरा र एमालेका प्रतिनिधिबीच भएको सहमति नमान्ने जिकीर गर्दै उनले आफूलाई पक्राउ गर्नुको कारण माग गरेका छन्।

## बस्नेतले सहमति मानेनन्

**अमर खड्का**

*इटहरी, असार २*

सरकारले एमाले भ्रातृ संगठन युवासंघका अध्यक्ष महेश बस्नेतलाई बिहीबार साँझ छाड्ने निर्णय गरे पनि उनले आफू पक्राउ पर्नुको कारण थाहा नहुन्जेल प्रहरी कार्यालय नछाड्ने बताएका छन्।

पत्रकार खिलानाथ ढकाल आक्रमणका योजनाकार पर्शुराम बस्नेतलाई संरक्षण गर्दै 'पक्रेर देखाउन' चुनौती दिँदै आएका बस्नेतलाई विराटनगर क्षेत्रीय प्रहरीको टोलीले बिहीबार बिहान इटहरीको एउटा होटलबाट नियन्त्रणमा लिएको थियो।

उपप्रधान तथा गृहमन्त्री कृष्णबहादुर महरा र एमालेका प्रतिनिधि योगेश भट्टराईबीच बिहीबार साँझ भएको वार्तामा बस्नेतलाई छोड्ने र युवासंघले शुक्रबार गर्ने भनिएको नेपाल बन्द फिर्ता लिने सहमति भएको थियो। विराटनगरस्थित पूर्व क्षेत्रीय प्रहरी कार्यालयमै रहेका बस्नेतले भने पत्रकार ढकालसम्बद्ध नागरिक पत्रिकाविरुद्ध आन्दोलन कायम राख्ने बताए।

विराटनगरमा बिहीबार प्रतिकारसभा गर्ने युवा संघको घोषणापछि मोरङ प्रशासनले सहरी क्षेत्रमा निषेधित क्षेत्र घोषणा गरेको थियो। त्यसपछि उनी पत्रकार सम्मेलन गर्न भन्दै इटहरी आएका थिए।

उनलाई पक्राउ गर्ने क्रममा प्रहरी र युथफोर्स तथा युवासंघका कार्यकर्ताबीच झन्डै १५ मिनेट घम्साघम्सी भएको थियो। प्रहरीले बस्नेतलाई हालेर गाडी अगाडि बढाउन खोज्दा युवासंघ, इटहरीका रोशन चापागाईले अवरोध पुऱ्याउन खोज्दा घाइते भए। युवासंघका महासचिव निरज आचार्यले बस्नेतलाई रिहा गर्ने सहमतिपछि आन्दोलन फिर्ता गरिएको बताएका छन्।

बाँकी पृष्ठ २

## डिएसपी...

प्रहरी स्रोतका अनुसार पत्रकार ढकाल र अदालतमा आक्रमणताकाका मोरङ प्रहरीका प्रमुख एसपी ठाकुरराम बर्तौलासँग पनि 'ठूला घटना हुँदा पनि अभियुक्त पक्राउ नगरेको र छानबिन सुस्त पारेकोबारे' स्पष्टीकरण लिइएको छ। मोरङ प्रहरीका एसपीमा कार्की आइपुगेपछि निमित्त एसपी बर्तौला बुधबारै क्षेत्रीय कार्यालय फर्किएका छन्।

**शुक्रबार साँझसम्म निषेधाज्ञा**

युवासंघले बिहीबार बिराटनगरमा गर्ने भनिएको प्रतिकार सभालाई लक्षित गर्दै स्थानीय प्रशासनले नगर क्षेत्रमा लगाएको निषेधाज्ञा शुक्रबार साँझ ६ बजेसम्मका लागि थपेको छ।

## बस्नेत...

त्यसैगरी पत्रकार आक्रमण घटनामा छानबिन गर्न सहयोग गर्ने सहमतिसमेत सरकार र युवासंघबीच भएको छ। बस्नेत पक्राउ भएपछि विभिन्न ठाउँमा युवासंघले विरोध गर्ने क्रममा भएका घाइतेको उपचार गरिने र पक्राउ परेकालाई छाडिने सहमतिसमेत भएको छ।

एमालेका युवा फाँट इन्चार्ज योगेश भट्टराईले युवासंघ सदस्यहरू, विभिन्न दलका प्रतिनिधि, पत्रकार महासंघलगायत मिडियासँग सम्बन्धित अन्य संस्थाका प्रतिनिधि सम्मिलित गोलमेच सम्मेलन गर्ने सहमति भएको जानकारी दिए। 'राजनीतिक दल र प्रेसबीच सम्बन्ध सुधार गर्न गोलमेच सम्मेलन गर्ने सहमति भएको हो,' भट्टराईले भने। कार्यक्रमलाई गृहमन्त्री महराले संयोजन गर्ने निर्णय भएको छ।

वार्तामा महरासाथै मन्त्री घनश्याम भुसाल थिए भने एमालेका तर्फबाट भट्टराई, युवासंघका महासचिव आचार्य, उपाध्यक्षहरू हिरा केसी, हरिबहादुर राई र सत्यनारायण यादव, सचिवद्वय राजीव पहारी र सूर्य ढकाल थिए।